निर्णयहरु :

१.डडेल्धुरा अस्पताल डडेल्धुराको **च.नं. ६७१ मिति २०८०।०३।१७** गतेको प्राप्त पत्रानुसार यस डडेल्धुरा जिल्लामा वर्षातको समयमा वर्षाको कारण समय समयमा विद्युत नियमित आपुर्ति नभई यस डडेल्धुरा अस्पताल डडेल्धुरामा अस्पतालको अति आवश्यक कक्षमा नियमित विद्युत आपुर्ति नहुने हुँदा समय समयमा (विद्युत आउने जाने) भएको कारण अस्पतालमा नियमित सेवा प्रवाहमा कठिनाई हुने हुँदा नियमित सेवा प्रवाह गर्न सहजिकरणका लागि अस्पतालका उपकरणहरुलाई धान्ने जेनेटर उपलब्ध गराई दिने सम्वन्धमा हाल यस कार्यालयमा रहेको पुराना ठुला जेनेटर मर्मत पश्चात प्रयोगमा आउने तथा यस कार्यालयमा मर्मत गर्न वजेटको समेत अभाव रहेको,मर्मत गरि प्रयोगमा नल्याएमा अझ विग्रि प्रयोगमा समेत ल्याउन नमिल्ने अवस्था रहेकोले उक्त सम्वन्धमा संघीय मामिला तथा समान्य प्रशाान मन्त्रालय (आन्तरिक व्यवस्थापन शाखा) सिंहदरवार, काठमाण्डौ को च.नं.८४ मिति २०७८।०४।२६ गतेको प्राप्त सहमती पत्र अनुसार यस कार्यालयको एउटा (62.5 KVA) को र अर्को ठुलो जेनेरेटर माग वमोजिम डडेल्धुरा अस्पताल डडेल्धुरा लाई हस्तान्तरण गर्न जि.स.स.को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

२.को.ले.नि.का.डडेल्धुराको च.न. १५१ मिति २०८०।०२।०३ गतेको प्राप्त यस कार्यालयको आ.व.२०७९।०८० सालको तेश्रो त्रैमाशिक आ.ले.प.प्रतिवेदन तथा जि.स.स.कार्यालयवाट हाल सम्म भएको खर्चका सम्वन्धमा छलफल गरियो । उक्त कार्यको सम्वन्धमा अनुमोदन गर्ने निर्णय गरियो ।

३. जि.स.स.को कार्यालयमा कार्यरत जि.स.स.प्रमुखको स्वकिय सचिव श्री सौरभ ताम्राकार लगायत ह.स.चा. करन सिह भण्डारी, रमेश सिह कडाल, कमलापति भट्टराई तथा कार्यालय सहयागी राम सिह खड्का, विष्ना सांकी र अन्तराम जोशी ,स्विपर दिपक दमाई करार कर्मचारीहरुको नविकरण म्याद यहि मिति २०८० असार मसान्त सम्म रहेको र निजहरुको सेवा कार्यालयलाई आवश्यक रहेकोले आगामी आ.व.०८०।८१ का लागि म्याद थप गरि निरन्तरता दिने । उक्त म्याद थपको नविकरण जि.स.अ.मार्फत अघि बढाई निजहरुको तोकीएको सेवा सुविधा उपलव्ध गराउन जि.स.स.को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

४. आगामी जिल्ला सभाको वैठक यसै आ.व. को अषाढ मसान्त भित्र सम्पन्न गर्न मिति एवं समय निर्धारणका लागि जि.स.स.प्रमुखज्युवाट पहल गर्ने निर्णय गरियो ।

५.यस डडेल्धुरा जिल्ला स्थित सात वटै स्थानीय तहहरुले पारित गरेको आ.ब.२०८०/०८१ सालको नीति तथा कार्यक्रमको छाँया प्रति यस जि.स.स.मा पठाउने व्यवस्थाका लागि उक्त तहहरुबाट माग गर्न जि.स.स.कार्यालयलाई निदेशन दिने निर्णय गरियो ।